नेपाल सरकार
# वन तथा वातावरण मन्त्रालय

EX: पो. ब. नं. : ३९८७
सिंहदरवार, काठमाण्डौं

योजना, अनुगमन तथा समन्वय महाशाखा
(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :- २०७७/७८
चलानी नं. :- ८९
प्राप्त पत्र संख्या र मिति :-

मिति: २०७७/०५/०७

विषयः स्वीकृत कार्यविधि सम्बन्धमा ।

श्री सर्व सम्बन्धित निकायहरु,
.................................... ।

प्रस्तुत विषयमा नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय (मा. मन्त्रिस्तर) को मिति २०७७।०५।०२ को निर्णयानुसार स्वीकृत नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ यसैसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

२०७७।५।०७

(नारायण प्रसाद पोखेल)
स. वैज्ञानिक अधिकृत

# नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि
# २०७७

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

स्वीकृत मितिः २०७७।०५।०२ (मा. मन्त्रिस्तर)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# विषय सूची


| | | |
|---|---|---|
| | पृष्ठभूमि | ३ |
| **परिच्छेद १ प्रारम्भिक** | | ३ |
| १.१ | संक्षिप्त नाम र प्रारम्भ | ३ |
| १.२ | परिभाषा | ३ |
| १.३ | लक्ष्य | ४ |
| १.४ | उद्देश्य | ४ |
| **परिच्छेद २ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र, सञ्चालन विधि, निकाय तथा ढाँचा** | | ४ |
| २.१ | कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र | ४ |
| २.२ | कार्यक्रम सञ्चालन विधि | ४ |
| २.३ | कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकाय | ५ |
| २.४ | कार्यक्रम कार्यान्वयनको ढाँचा | ५ |
| २.५ | कार्यक्रम व्यवस्थापन समिति | ५ |
| २.६ | समितिको कार्य विवरण | ६ |
| **परिच्छेद ३ कार्यक्रम छनौट तथा कार्यान्वयन** | | ६ |
| ३.१ | कार्यक्रम छनौट विधि | ६ |
| ३.२ | कार्यक्रम सम्झौता | ७ |
| ३.३ | सञ्चालन गरिने प्रमुख क्रियाकलापहरु | ७ |
| ३.४ | कृषि वन प्रणाली सञ्चालनका लागि प्रजाती छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु | ९ |
| ३.५ | कार्यान्वयन निकाय आफैले कार्यक्रम सञ्चालन गर्न सक्ने | ९ |
| **परिच्छेद ४ अनुगमन, मूल्याङ्कन तथा समन्वय** | | १० |
| ४.१ | अनुगमन तथा मुल्याङ्कन | १० |
| ४.२ | समन्वय तथा सहकार्य | १० |
| ४.३ | प्रगति प्रतिवेदन तथा अभिलेखिकरण | १० |
| **परिच्छेद ५ साझेदारीता, रकम भुक्तानी तथा लेखा परिक्षण** | | १० |
| ५.१ | कार्यक्रम सञ्चालनमा साझेदारी | १० |
| ५.२ | रकम भुक्तानी सम्वन्धि व्यवस्था | ११ |
| ५.३ | लेखा र लेखापरीक्षण | ११ |
| **परिच्छेद ६ विविध** | | १२ |
| | कार्यदल | १३ |

# नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

## पृष्ठभूमी

नेपालको अर्थतन्त्रमा कृषि, पशुपालन र वन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ। कृषि वन प्रणाली मार्फत कृषि, पशुपालन र वन विकास कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्दा प्रति इकाइ जमिनको उत्पादकत्व वृद्दि भई जीविकोपार्जनको अवसर सृजना, जैविक विविधता तथा भूमिको संरक्षण, जलवायु परिवर्तनका नकारात्मक असरहरुको न्यूनीकरण र अनुकूलनमा सकारात्मक योगदान पुग्ने प्रचुर सम्भावना छ।

राष्ट्रिय कृषि वन नीति २०७६, राष्ट्रिय वन नीति २०७५, वनक्षेत्रको रणनीति २०१६-२०२५, कृषि विकास रणनीति २०७१, जडीबुटी एवं गैरकाष्ठ वनपैदावार विकास नीति, २०६१ जस्ता क्षेत्रगत नीतिहरुले कृषि वनका लागि विशेष महत्व दिएको पाईन्छ। नेपाल सरकारको आ.व. २०७७/७८ को नीति तथा कार्यक्रममा जमिनको बहुउपयोग, आयआर्जन तथा जीविकोपार्जन सुधार र वातावरण संरक्षणमा योगदान पुग्ने गरी कृषि वनको विस्तार गरिने साथै सबै प्रदेशमा कम्तिमा एक नमूना कृषि वन विकास कार्यक्रम कार्यान्वयन गरिने छ भनी उल्लेख गरिएको छ। यिनै विषय बस्तुहरुलाई मध्य नजर गर्दै कृषक, सहकारी संस्था, सरकारी निकाय, संघसंस्था, समूह र समुदायको सहकारीता र सहकार्यमा कृषि वन विकास र विस्तार गर्नको लागि राष्ट्रिय वन क्षेत्र, ऐलानी, पर्ति र नीजि जग्गामा समेत कृषि वनको विकास गर्दै भूमिको उत्पादकत्व, वस्तु र सेवाको उत्पादन वृद्दि गर्ने गरी नमूना कृषि वन कार्यक्रम सञ्चालन गर्ने कार्यक्रम रहेको छ । प्रभावकारी एवं पारदर्शिरुपमा कार्यक्रम कार्यान्वयन गरी अपेक्षित उपलब्धी हासिल गर्न आवश्यक प्रकृयागत सहजीकरण एवं सरलीकरणका लागि श्री अर्थ मन्त्रालयको आर्थिक वर्ष २०७७।७८ को बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको (बजेट निकासा तथा बजेट कार्यान्वयन व्यवस्था) बुँदा नं १६ बमोजिम वन तथा वातावरण मन्त्रालयद्वारा यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद१
## प्रारम्भिक

### १.१ संक्षिप्त नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम "नमूना कृषि वन कार्यकम कार्यान्वयन कार्यविधि, २०७७" रहेको छ।

ख) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ।

### १.२ परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क) "मन्त्रालय" भन्नाले नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सम्झनु पर्दछ।

ख) "कार्यक्रम" भन्नाले नमूना कृषि वन कार्यक्रम सम्झनु पर्दछ।

ग) "कृषि वन" भन्नाले कृषि, पशुपालन र वनका क्रियाकलापलाई भूमिको एउटै इकाईमा एकिकृत रुपले अभ्यास गर्ने प्रणालीलाई बुझाउँछ ।

घ) "हैसियत विग्रेको वन क्षेत्र" भन्नाले २० प्रतिशत भन्दा कम छत्रघनत्व (काउन कभरेज) भएको वन सम्झनु पर्दछ ।

ङ) "कार्यान्वयन निकाय/कार्यालय" भन्नाले कृषि वन कार्यक्रम कार्यान्वयन गर्ने कार्यालय/निकाय सम्झनु पर्दछ।

च) "समूह" भन्नाले कृषक समूह, सामुदायिक वन उपभोक्ता समूह, कबुलियती वन उपभोक्ता समूह, महिला समूहलाई बुझाउँछ ।

छ) "समिति" भन्नाले नमूना कृषि वन कार्यक्रम व्यवस्थापनका लागि गठित कार्यक्रम व्यवस्थापन समिति सम्झनु पर्दछ।

## १.३ लक्ष्य

कृषि तथा वन जन्य उत्पादनमा वृद्दि गर्दै राष्ट्रिय समृद्धि हासिल गर्ने तथा वातावरणीय सन्तुलन कायम गर्न सहयोग पुर्‍याउने ।

## १.४ उद्देश्य

क) नीजि एवं सार्वजनिक जग्गामा एकिकृत रुपले वन तथा कृषि प्रजातिका विरुवा रोपण गर्न अभिप्रेरित गरी किसानहरुलाई आवश्यक वन पैदावार तथा कृषि उपजमा वृद्दि गर्ने ।

ख) बहुउद्देश्यीय तथा बहुतले वनको विकास गरी भूमि उत्पादकत्व अभिवृद्दि गर्दै कृषि वनको व्यवसायीकरण मार्फत अर्थतन्त्रमा योगदान पुर्‍याउने ।

ग) कृषि वनको उपयुक्त मोडल तयार गरी सम्भाव्य ठाउंहरुमा बिस्तार गर्दै लैजाने ।

घ) स्थानीय समुदायको जीविकोपार्जनमा सुधार, आयआर्जनमा वृद्दि र रोजगारीका अवसरहरु सिर्जना गर्ने ।

# परिच्छेद २
# कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र, सञ्चालन विधि, निकाय तथा ढाँचा

## २.१ कार्यक्रम कार्यान्वयन गर्ने क्षेत्र

तपसिलमा उल्लेखित क्षेत्रहरुमा यो कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

क) व्यक्तिको नीजि जग्गा

ख) सरकारी, सार्वजनिक तथा संस्थागत जग्गा

ग) अतिक्रमणबाट फिर्ता भएको वन क्षेत्र

घ) नदी उकास जग्गा

ङ) हैसियत बिग्रेको वन क्षेत्र

च) बिद्युत प्रसारण लाईन मुनिको जग्गा

छ) कार्यान्वयन निकायले व्यवस्थापन गरिरहेको जग्गा

## २.२ कार्यक्रम सञ्चालन विधि

क) कृषि वन कार्यक्रम सञ्चालनका लागि अभिमुखिकरण तथा प्रचार प्रसारका कार्यक्रम सञ्चालन गर्ने ।

ख) कृषि वन प्रणालीमा काम गर्ने सरोकारवालाहरुको क्षमता विकास गर्ने ।

ग) स्थानीय स्तरमा सक्रिय रहेका किसान/व्यक्ति, समूह, सहकारी, संघसंस्था मार्फत कार्यक्रम सञ्चालन गर्ने ।

घ) कृषि वन व्यवस्थापनका लागि छिटो बढ्ने तथा छिटो प्रतिफल दिने जडीबुटी, गैरकाष्ठ, रूख तथा बहूउद्देश्यीय प्रजातिका विरूवाहरू उपलव्ध गराउने ।

ङ) कृषि वन कार्यक्रम सञ्चालन गर्ने गरी सम्झौता भएका निकायहरुलाई वस्तुगत सहयोग तथा अनुदान रकम उपलब्ध गराउने ।

च) आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउने ।

छ) अन्य सरोकारवाला निकायहरुसंग आपसी समन्वय र सहकार्य गरी कार्यक्रम सञ्चालन गर्ने ।

ज) कार्यान्वयन निकाय आफैले व्यवस्थापन गरिरहेको जग्गामा प्रचलित नियम बमोजिम कार्यक्रम सञ्चालन गर्न सकिने।

## २.३ कार्यक्रम सञ्चालन गर्ने जिम्मेवार निकाय

वन तथा वातावरण मन्त्रालय र मातहतका नमूना कृषि वन कार्यक्रम सञ्चालन गर्ने कार्यालयहरु ।

## २.४ कार्यक्रम कार्यान्वयनको ढाँचा

कृषि वनका मोडलहरु स्थान विशेष तथा भू स्वामित्वको हिसाबले फरक हुने हुनाले फरक फरक किसिमको कृषि वनका मोडलहरु उपयुक्त हुने देखिन्छ ।

क) तराइ र समथर भू भागमा नीजि जग्गा धनी कृषक, समूह, तथा संघसंस्थाहरुले आफ्नो दर्तावाला नीजि जग्गामा सञ्चालन गर्ने कृषि वनको हकमा परम्परागत रुपमा मुख्य बालीको रुपमा उत्पादन गर्दै आएको अन्न, दलहन तथा तेलहन बालीका साथै सो खेत तथा बारीको उपलब्ध जग्गामा रुख प्रजातीका विरुवा रोपण गरिने साथै ताल तलैया र पानीका श्रोत भएका नीजि दर्तावाला जग्गा भएको क्षेत्रमा मत्स्यपालनमा आधारित र चुरे लगायत संवेदनशिल भिरालो भू-क्षेत्रहरुमा रुखमा आधारित कृषि वन प्रणालीको विकास तथा विस्तारमा जोड दिने ।

ख) मध्ये पहाडी क्षेत्रमा फलफूलका रुख प्रजातिमा आधारित र उच्च पहाडी तथा उच्च हिमाली क्षेत्रमा जडीबुटीमा आधारित कृषि वन प्रणालीको विकास तथा विस्तारमा जोड दिने ।

ग) खेती नहुने पहाडी क्षेत्रहरुमा पशुपालनमा आधारित कृषि वन प्रणालीमा जोड दिने ।

नोट: सरकारी वन क्षेत्रमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा दलहन, तेलहन तथा अन्नबालीहरुको खेती गर्न पाईने छैन। नदि उकास क्षेत्र अतिक्रमणबाट फिर्ता भएको वन क्षेत्रहरुमा कृषि वन कार्यक्रम सञ्चालन गर्दा छिटो बढ्ने छिटो प्रतिफल दिने वन जन्य रुख प्रजाती गैरकाष्ठ प्रजाति तथा रुख जन्य फलफूल प्रजाति र घांस प्रजातिका विरुवाहरुलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

## २.५ कार्यक्रम व्यवस्थापन समिति

कार्यक्रम व्यवस्थापनका लागि निम्नानुसारको कार्यक्रम व्यवस्थापन समिति गठन गरिने छ।

| | | |
|---|---|---|
| संयोजक | कार्यक्रम कार्यान्वयन निकायको प्रमुख | १ |
| सदस्य | वन सम्बन्धि प्राविधिक | १ |
| सदस्य | कृषि वा पशु सेवा सम्बन्धि प्राविधिक | १ |
| सदस्य | खरिद ईकाइ प्रमुख | १ |
| सदस्य सचिव | संयोजकले तोकेको प्राविधिक कर्मचारी | १ |

## २.६ समितिको कार्य विवरण

कार्यक्रम व्यवस्थापन समितिको कार्य सूचि निम्नानुसार रहेको छ ।

क) यस कार्यविधि अनुरुप प्रस्ताव छनौटका आधारहरु तयार गर्ने, गराउने

ख) कार्यक्रमहरु कार्यान्वयन गर्ने, गराउने

ग) आवश्यकतानुसार अनुगमन तथा पृष्ठपोषण गर्ने, गराउने

घ) आवश्यकतानुसार विज्ञहरुको सेवा लिने तथा अन्य कार्यहरु गर्ने, गराउने

ङ) कार्यक्रम कार्यान्वयनका लागि आवश्यक समन्वय गर्ने ।

कार्यक्रम व्यवस्थापन समितिको बैठक आवश्यकतानुसार बस्न सक्ने छ ।

# परिच्छेद ३
# कार्यक्रम छनौट तथा कार्यान्वयन

## ३.१ कार्यक्रम छनौट विधि

क) कार्यक्रम कार्यान्वयनका लागि एकल व्यक्ति वा एकभन्दा बढि व्यक्तिको सीमा जोडिएको एकै ठाउँमा रहेको जग्गा मिलाएर १० हेक्टर वा समूह, सहकारी, सरकारी तथा सार्वजनिक संघसंस्थाको एकै ठाउँमा रहेको १० हेक्टरवा सो भन्दा बढि क्षेत्रफलको एउटा क्षेत्र हुनुपर्ने छ ।

ख) कार्यक्रम कार्यान्वयन निकायबाट विस्तृत विवरण सहितको सार्वजनिक सूचना प्रकाशन गरी नमूना कृषि वन कार्यक्रम सञ्चालनका लागि ईच्छुक किसान/व्यक्ति, समूह, सहकारी, संघसंस्थाहरुबाट कार्यक्रम प्रस्ताव माग गर्ने ।

ग) कृषि वन क्रियाकलाप सञ्चालनको लागि प्रस्ताव पेश गर्दा प्रस्तावकले प्रस्तावित जग्गाको लालपुर्जा, लगानीको सुनिश्चितता, किसानको सामुहिक निर्णय (समूह, सहकारीको हकमा), कृषि वन कार्यक्रम प्रभावकारी रुपमा सम्पन्न गर्ने योजना (विस्तृत क्रियाकलाप सहितको योजना) र उपयुक्त कृषि वन प्रणाली अपनाउनुपर्ने जस्ता कुराहरु खुलेको प्रस्ताव पेश गर्नु पर्ने । प्रस्ताव पेश गर्ने समूह, सहकारीको हकमा संस्था दर्ता हुदाँको बखतको उद्देश्य कृषि वन कार्यक्रमसँग मेल खाने किसिमको हुनुपर्ने। प्रस्तावका साथमा सम्बन्धित कार्यालय वा स्थानीय तहको सिफारीस पत्र समेत पेश गर्नु पर्ने ।

घ) तोकिएको समयमा पेश भएका प्रस्तावहरु कार्यक्रमको उद्देश्य अनुसार भए नभएको रुजु गरी सम्भाव्य देखिएका प्रस्तावहरुका सम्वन्धमा स्थलगत निरिक्षण गर्ने । स्थलगत निरिक्षण पश्चात प्रचलित सार्वजनिक खरिद ऐन नियमको अधिनमा रही मुल्याङ्कन गरी उपयुक्त प्रस्ताव छनौट गर्ने ।

प्रस्तावहरु मुल्याङ्कनका लागि आधार तयार गर्दा निम्नानुसारका बुदाँहरुलाइ ध्यान दिनुपर्ने छ ।

क) कम्तिमा १० हेक्टरको क्षेत्रफल हुनु पर्ने ।

ख) नीजि जग्गामा गरिने कार्यक्रमलाई प्राथमिकता दिने ।

ग) वन तथा कृषि प्रजातिका विरुवा रोपणगरी उत्पादन वृद्दि गर्ने ।

घ) भूमि उत्पादकत्व अभिवृद्दि गर्ने ।

ङ) आयआर्जनमा वृद्दि तथा रोजगारीका अवसरहरु सिर्जनागर्ने ।

वन तथा वातावरण मन्त्रालय
नेपाल सरकार
सिंहदरबार, काठमाडौं

च) बहुउद्देश्यीय तथा बहुतले वनको विकास गर्ने ।

छ) कृषि वन प्रणालीलाई बिस्तार गर्न सकिने अवस्था रहेको ।

ज) नदी किनार कटान, भू-क्षय र बाढि पहिरो जस्ता प्रकोप घटाउने ।

## ३.२ कार्यक्रम सम्झौता

क) प्रस्ताव छनौट भए पश्चात् कार्यक्रम कार्यान्वयन गर्ने निकाय र प्रस्तावक बिच सम्झौता गरिने छ । प्रस्तावकले प्रस्तावमा पेश भए बमोजिमका कृषि वन कार्यक्रमहरु सञ्चालन गर्नुपर्ने छ । सो कार्यक्रम सञ्चालन प्रस्तावमा पेश भएको जग्गामा नै गर्नुपर्ने छ । सम्झौताको एक प्रति कार्यक्रम कार्यान्यन गर्ने निकायको माथिल्लो निकायमाउपलब्ध गराउनु पर्ने छ ।

ख) प्रथम चौमासिक अवधिमै कार्यक्रम सम्झौता भई कार्य शूरु गरिसक्नु पर्नेछ ।

## ३.३ सञ्चालन गरिने प्रमुख क्रियाकलापहरु

नमूना कृषि वन कार्यक्रम कार्यान्वयन गर्दा एकल व्यक्ति वा एकभन्दा बढि व्यक्तिको सीमा जोडिएको एकै ठाउँमा रहेको जग्गा मिलाएर १० हेक्टर वा सो भन्दा बढि क्षेत्रफलको एउटा क्षेत्र हुने गरी छनौट गरिएको क्षेत्रमा निम्नानुसारका क्रियाकलापहरु मध्ये एक भन्दा बढि क्रियाकलापहरु प्याकेजमा सञ्चालन गर्नुपर्ने छ। यि क्रियाकलापहरु सञ्चालन गर्दा हालसम्म सफल देखिएका साथै समय अनुसारको Best Available Technology, Best Environmental Practice लाइ अनुसरण गरी कृषि वन कार्यक्रम सञ्चालन सकिने छ ।

क) कृषि तथा रुख प्रजाति

कृषि वाली र रुख प्रजातिका विरुवा एउटै क्षेत्रमा लगाइने छ । जसमा कृषि वाली लगाएको ठाउँको डिलडिलमा वा विचविचमा वन वालीका विरुवाहरु लगाइ कृषि वन विकास गरिने छ ।जसले गर्दा कृषिजन्य तथा वनजन्य उत्पादनको वृद्दि हुने छ । कृषि वालीको साथ साथै जडीबुटी तथा सुगन्धित वनस्पतिहरु (सिट्रोनेला, लेमन ग्रास आदि) को पनि खेती गर्न सकिने छ ।

ख) रुख प्रजाति तथा मत्स्यपालन

यसमा रुख प्रजातिका साथसाथै माछापालन व्यवसायलाइ एकैसाथ एउटै क्षेत्रमा अगाडि बढाइने छ । जसवाट वनवालीको उत्पादन र व्यवसायिक माछापालन कार्य एकैसाथ गरी आम्दानी वृद्दि गर्न सकिने छ ।माछापोखरी वा माछा पालन गरिने जग्गाको आलीमा वन प्रजातिका विरुवाहरुको विकास गर्न सकिने छ ।

ग) रुख प्रजाति तथा फलफूल

रुख प्रजातिका विरुवा लगाएको स्थानमा खाली रहेको ठाउँमा फलफूलका विरुवाहरु रोपण गरी कृषि वनको विकास गर्न सकिने छ । जस्तै : मसला, इपिल इपिल, कोइरालो, टाँकी, बकाइनो, निम आदि लगाएको ठाउँमा आँप, केरा, लिचि, कटहर आदि जस्ता फलफूल प्रजातिको खेती गर्न सकिने छ ।

घ) कृषि, फलफूल र रुख प्रजाति

एउटै जग्गाबाट एकै समयमा कृषि, फलफूल र रुख प्रजातिको खेती गर्न सकिन्छ । यस प्रणालीमा मिश्रित रुपमा अन्नबाली, फलफूल र काठ, दाउरा, जडीबुटी उत्पादन हुने गरी दलहन, तेलहन, अन्नवाली, फलफूल र रुख एवं जडीबुटी खेती गरिन्छ।

ङ) रुख प्रजाति र घाँसेबाली

एउटै जग्गाबाट एकै समयमा रुख प्रजाति र घाँसे बाली लगाइ कृषि वनको विकास गर्न सकिन्छ । यसमा काठ, दाउरा, जडीबुटी र घाँस बाली एकै साथ उत्पादन गर्न सकिन्छ । व्यवसायिक रुपमा पशुपालन गर्नका लागि यो कार्यक्रम गर्न सकिन्छ ।

च) घर वरपरको बगैंचा

किसानको घर गोठ वरपर बगैचावा करेसा बालीमा फलफूल, तरकारी बाली र डालेघाँसका रुख लगाइ घर वरपर बगैंचाको रुपमा कृषि वन विकास गर्न सकिन्छ ।यसमा बहुतले कृषि वन प्रविधि अपनाएमा फाइदाजनक हुन्छ।यसरी घर वरपर खेती गर्दा पहिला नै विस्तृत योजना तयार गरी सो अनुसार प्रस्तावित स्थानहरुमा नै योजना अनुसारको खेती गर्नुपर्ने हुन्छ । यस अन्तर्गत घर वरपरको मौजुदा बगैंचालाइ थप विस्तार तथा व्यवस्थापन गरी व्यवसायिकरण गर्ने कार्य पनि गर्न सकिने छ।

छ)अध्ययन, अनुसन्धान तथा क्षमता अभिवृद्दि

१ कृषि वनको मोडल विकास गर्नका लागि कृषि वन कार्यक्रमसँग मेल खाने सस्थाहरुसँग सहकार्य गरी कृषि वनको रिसर्च सम्बन्धि कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

२ बिभिन्न स्थानमा बिभिन्न हावापानीमा गर्न सकिने कृषि वनको मोडेल देखिने प्रदर्शनी स्थल तथा विभिन्न स्थायी रिसर्च साईटहरु बनाइ कार्यक्रम सञ्चालन गर्न सकिने छ ।

३ नमूना कृषि वन सम्बन्धि अध्ययन गर्ने विद्यालय तथा विश्वविद्यालयका विद्यार्थीलाई स्थलगत अभ्यास गराउन सकिने छ ।

४ नमूना कृषि वन कार्यक्रम सम्बन्धि अभिमुखिकरण, नमूना कृषि वन प्रविधि सम्बन्धि स्थलगत अभ्यास/तालिम सञ्चालन गर्न सकिनेछ ।

ज) जैविक तटबन्ध

नदी उकास जग्गा तथा नमूना कृषि वन कार्यक्रम सञ्चालन गर्ने स्थानमा आवश्यकतानुसार कृषि तथा वन प्रजातिका विरुवाहरुबाट जैविक तटबन्ध निर्माण गर्ने कार्यक्रम सञ्चालन गर्न सकिने छ।

झ) संरक्षण तथा व्यवस्थापन

नमूना कृषि वनको कार्यक्रम सञ्चालन गरिएको क्षेत्रको संरक्षणको सुनिश्चितता हुने गरी कार्यक्रम सञ्चालन गरिने छ ।आवश्यकतानुसार सो क्षेत्रको संरक्षणका लागि छेकवार/तारवार लगाउने तथा हेरालु राख्ने आदि गर्न सकिने छ ।

ञ) प्रचार प्रसार

कार्यक्रम सम्पन्न भएपछि वृत्तचित्र तथा ब्रोसरहरु तयार गरी नमूना कृषि वन सम्बन्धि भए गरेका गतिविधिहरुको प्रचार प्रसार गरिने छ ।कार्यक्रमक सम्वन्धी होर्डिङ्गबोर्ड तयार गरी सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।

ट) प्राविधिक सहयोग

१ कार्यान्वयन निकायबाट कार्यक्रम सञ्चालनमा आवश्यकतानुसारको प्राविधिक सहयोग उपलब्ध गराइने छ । यसको लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्थानीय तह लगायतका निकायहरुबाट आवश्यक सहयोग लिन सकिने छ ।

२ विषयगत प्राविधिकबाट नमूना कृषि वन कार्यक्रममा प्रयोग भएका सामान र कामको गुणस्तर कायम हुने गरी कार्यक्रम सञ्चालनमा सहजीकरण तथा नियमन गरिनेछ ।

३.४ कृषि वन प्रणाली सञ्चालनका लागि प्रजाती छनौट गर्दा ध्यान दिनुपर्ने कुराहरु

क) कृषि तथा फलफूल प्रजातिको हकमा

१. नीजि जग्गामा खाद्यान्न वाली अन्तर्गत अन्नवाली, दलहन तथा तेलहन बाली लगाउन सकिने ।

२. मुख्य वालीलाई असर नगर्ने किसिमको विरुवा वा वाली रोपण गर्ने ।

३. सकेसम्म वन्यजन्तुले मन नपराउने खालका फलफूल तथा कृषि वालीका लागि उपयुक्त प्रजातिहरुको छनौट गर्ने ।

४. हैसियत विग्रेको र खाली वन क्षेत्र भित्र रोपणका लागि फलफूलजन्य स्थानीय रुखका प्रजातिहरुलाइ प्राथमिकता दिने ।

५. नीजि र कवुलियति वन क्षेत्र भित्र वनको हैसियतमा प्रतिकूल असर नपर्ने गरी बहुवर्षिय नगदेबाली तथा फलफूलका विरुवाहरु रोपण गर्ने ।

ख) रुख प्रजातिको हकमा

१. बहुमुल्य, बहुउपयोगी, छिटो बढ्ने तथा छिटो प्रतिफल दिने ।

२. चौडापाते तथा पतझड् प्रजाति ।

३. सहायक वालीलाई असर नगर्ने वा कम भन्दा कम असर गर्ने ।

४. पात पतिङ्गरहरु चाँडै कुहिने र कम्पोष्ट मलको रुपमा प्रयोग गर्न सकिने ।

५. माटोमा नाईट्रोजन स्थापित गर्ने प्रजाति ।

६. वाली चक्र छोटो भएको ।

७. बजार माग अत्यधिक भएको ।

८. कोशे बाली प्रजातिलाई प्राथमिकता दिनु पर्ने ।

९. स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने ।

ग) घाँस जन्य प्रजातिको हकमा

१. पशु चौपायाहरुले रुचाउने ।

२. स्थानीय हावापानीमा सजिलै हुर्कन सक्ने ।

३. छिटो तथा धेरै उत्पादन दिन सक्ने ।

४. माटोमा नाईट्रोजन स्थापित गर्ने प्रजाति ।

५. बजार माग अधिक भएको ।

६. बहुवर्षिय विरुवा ।

३.५ कार्यान्वयन निकाय आफैले कार्यक्रम सञ्चालन गर्न सक्ने

कार्यान्वयन निकाय आफैले व्यवस्थापन गरिरहेको जग्गामा यही कार्यविधिको परिधिभित्र रही कार्यक्रम सञ्चालन गर्न सक्नेछन् । यसका लागि नमूना कृषिवन कार्यक्रम व्यवस्थापन सम्वन्धी विस्तृत कार्ययोजना तयारी गर्नु पर्नेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# परिच्छेद ४

## अनुगमन, मूल्याङ्कन तथा समन्वय

### ४.१ अनुगमन तथा मुल्याङ्कन

क) कार्यक्रम कार्यान्वयन निकाय तथा कार्यक्रम व्यवस्थापन समितिबाट कार्यक्रम कार्यान्वयन सम्वन्धमा आवश्यक अनुगमन तथा निरिक्षण गर्नु पर्नेछ । कार्यक्रम सम्पन्न भए पछि कार्यक्रमको भौतिक प्रगति, प्राविधिक तथा आर्थिक पक्ष, कारोवार तथा लेखा पद्धति, मितव्ययिता, प्रभावकारिता, नियमितता लगायतको विषयमा सहभागिता मूलक मूल्याङ्कन गरिनेछ ।

ख) सञ्चालित क्रियाकलापहरुको विभिन्न सरोकारवाला निकायहरुबाट पनि एकल वा संयुक्त रुपमा अनुगमन गर्न सकिनेछ।

ग) कार्यक्रम सञ्चालकले अनुगमन, निरिक्षण तथा मूल्याङ्कनबाट दिइएको सुझावको अनिवार्य रुपमा पालना गर्नु पर्ने छ।

### ४.२ समन्वय तथा सहकार्य

कार्यक्रम सञ्चालनमा आवश्यक सहयोग र समन्वयको लागि सम्बन्धित स्थानीय तह, विषयगत प्रदेश मन्त्रालयहरु, वन निर्देशनालय, भू तथा जलाधार व्यवस्थापन कार्यालय, डिभिजन वन कार्यालय, कृषि ज्ञान केन्द्र, भेटेनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसंग समेत समन्वय गर्न सकिनेछ।

### ४.३ प्रगति प्रतिवेदन तथा अभिलेखिकरण

क) कार्यक्रम सञ्चालकले नियमित रुपमा मासिक तथा चौमासिक प्रतिवेदन र कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन, कार्य शुरु हुनु पुर्व र पछिका फोटोहरु, आवश्यक कागजातहरु समेत संलग्न राखी वार्षिक प्रतिवेदन तयार गरी कार्यान्वयन निकायमा अनिवार्य रुपमा पेश गर्नुपर्ने छ ।

ख) कार्यक्रम कार्यान्वयन निकायले कार्य सम्पन्न भएपछि कार्य सम्पन्न प्रतिवेदन, कार्य शुरु हुनु पूर्व र पछिका फोटोहरु, प्राविधिक प्रतिवेदन लगायतका कागजातहरु, वार्षिक प्रतिवेदन समेत समावेश गरी विस्तृत प्रतिवेदन तयार गर्नुपर्ने छ ।

ग) कार्यक्रम सम्बन्धि तथ्याङ्कहरु अभिलेखिकरणका लागि कार्यक्रम सञ्चालक तथा कार्यन्वयन निकायले पार्श्वचित्र प्रकाशन गर्नु पर्नेछ । सफल कार्यक्रमहरुको लेख रचना तथा अध्ययन अनुसन्धानमूलक प्रकाशन गर्न सकिने छ।

# परिच्छेद ५

## साझेदारीता, रकम भुक्तानी तथा लेखा परिक्षण

### ५.१ कार्यक्रम सञ्चालनमा साझेदारी

ख) सरकारी निकायले कार्यक्रम सञ्चालन गर्दा साझेदारीको आवश्यकता पर्ने छैन । त्यसै गरी गरिब, विपन्न तथा महिला समूहले कार्यक्रम सञ्चालन गर्दा पनि नगद साझेदारीको आवश्यकता पर्ने छैन ।

ग) गरिब, विपन्न तथा महिला समूह र सरकारी निकाय बाहेकका व्यक्ति, समूह, सहकारी, संघसंस्था अदिबाट कम्तिमा ५०/५० प्रतिशत लागत साझेदारीमा कार्यक्रम सञ्चालन गरिने छ ।

घ) कार्यक्रमका लागि प्रस्ताव माग गर्दा नै लागत साझेदारीको बारेमा समेत उल्लेख गर्नु पर्नेछ ।

ङ) कार्यान्वयन निकाय आफैले व्यवस्थापन गरिरहेको जग्गामा कार्यक्रम सञ्चालन गर्दा साझेदारी गर्नु पर्ने छैन।

## ५.२ रकम भुक्तानी सम्वन्धि व्यवस्था

क)कार्यक्रम कार्यान्वयन निकायले व्यहोर्ने रकमबाट देहाय अनुसारको किस्तामा साझेदार निकाय (व्यक्ति, समूह, सहकारी, संघसंस्था) को बैंक खातामा उपलव्ध गराउनेछ ।

| | |
|---|---|
| प्रथम किस्ता | कार्यक्रम सम्झौतामा दुबै पक्षवाट हस्ताक्षर भएको मितिले ३० दिनभित्र ३० प्रतिशत रकम । |
| दोश्रो किस्ता | सम्झौत बमोजिम ५० प्रतिशत कार्य सम्पन्न भएपछि ३० प्रतिशत रकम । |
| तेश्रो किस्ता | सम्झौत बमोजिमको सम्पूर्ण कार्य सम्पन्न भई आवश्यक कागजात तथा विल भर्पाईहरु पेश भएपछि बाँकि ४० प्रतिशत रकम । नियमानुसारले लाग्ने कर तथा दस्तुर वापतको रकम अन्तिम किस्ताबाट कट्टा गरिने छ । |

ख)व्यक्ति, समूह, संस्थाले पहिलो किस्ता माग गर्दा सम्झौता पत्रको प्रतिलिपि र समूह÷संस्था भए समूह÷संस्थाको कार्यकारी समितिको निर्णय सहितको अनुरोध पत्र पेश गर्नु पर्नेछ । सम्पादन गरिने कार्यको सम्पूर्ण कामहरु प्रस्ताव अनुसार सम्पन्न भएपछी निर्दिष्ट ढांचामा कार्य सम्पन्न प्रतिवेदन तयार गरी पेश गर्नु पर्नेछ । यसको अलावा समूह÷संस्थाको कार्यकारी समितिको तहबाट सम्पादन गरेको कार्यको सम्पूर्ण खर्च अनुमोदन गरेको निर्णय, सार्वजनिक सुनुवाई तथा सूचना पाटीमा राखेको प्रमाण तथा सम्पन्न भएका कार्यको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

ग) सरकारी कार्यालय तथा अन्य सार्वजनिक निकायहरुले पहिलो किस्ता माग गर्दा सम्झौता पत्रको प्रतिलिपि र रकम माग गरेको पत्र पेश गर्नु पर्नेछ । कृषि वन क्रियाकलाप कार्यान्वयन योजनामा उल्लेखित सम्पूर्ण क्रियाकलापहरु सम्पन्न भए पछि मात्र अन्तिम किस्ता भुक्तानी हुनेछ । यो किस्ता भुक्तानी गर्दा निर्दिष्ट ढांचामा कार्य सम्पन्न प्रतिवेदनको अलावा सम्पादित कामको फोटो समेत संलग्न राखी पेश गर्नु पर्नेछ ।

घ) कार्यान्वयन निकाय आफैले कार्यक्रम सञ्चालन गर्दा कार्यक्रम सम्पन्न भएको आधारमा प्रचलित नियम अनुसार रकम भुक्तानी गर्न सक्नेछ ।

ङ) कार्यक्रम कार्यान्वयन गर्ने व्यक्ति,समूह, संस्था, सरकारी कार्यालय तथा अन्य सार्वजनिक निकायहरुबाट सम्झौता बमोजिम कार्य सम्पन्न नभएमा वा गर्न नसकेमा उपलव्ध गराईएको रकम र वस्तुगत सहयोग वापतको सम्पूर्ण रकम फिर्ता गर्नु पर्नेछ ।

## ५.३ लेखा र लेखापरीक्षण

क)समूह/संस्थाले कार्यक्रम सञ्चालनको सम्पूर्ण खर्च रकमको आम्दानी जनाई दोहोरो लेखा प्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार दर्तावाल लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्नेछ । आर्थिक वर्ष समाप्त भएको ३ महिनाभित्र लेखापरीक्षण प्रतिवेदनको १ प्रति सहयोग उपलव्ध गराउने निकायमा पेश गर्नु पर्नेछ । लेखापरीक्षणवाट कुनै कारोबार वा रकम कलममा कुनै कैफियत वा बेरुजु औंल्याईएमा सोको फछ्र्यौट गर्ने दायित्व सम्बन्धित अनुदानग्राहीको नै हुनेछ । यस्तो प्रतिवेदन नदिने समूह/संस्थालाई जुनसुकै प्रकारको अनुदान तथा सहयोगबाट बञ्चित गरिनेछ । त्यस्ता समूह/संस्थालाई नियमन/नविकरण गर्ने निकायमा आवश्यक कारवाहीका लागि लेखि पठाईनेछ ।

ख)सरकारी कार्यालय वा सार्वजनिक निकायले कार्यक्रम सञ्चालनको सम्पूर्ण खर्च रकम आफ्नो श्रेस्तामा आम्दानी जनाई दोहोरो लेखाप्रणालीको सिद्धान्त अनुसार लेखा राखी प्रचलित कानून अनुसार लेखापरीक्षण गराउनु पर्नेछ । नियमानुसार लेखापरीक्षण भए पश्चात लेखापरीक्षण प्रतिवेदनको १ प्रति सहयोग उपलव्ध गराउने निकायमा पेश गर्नु पर्नेछ । लेखापरीक्षणबाट कुनै कारोबार वा रकमकलममा कुनै कैफियत वा बेरुजु औंल्याईएमा सोको फछ्र्यौट गर्ने दायित्व सम्बन्धित अनुदानग्राहीको नै हुनेछ ।

## परिच्छेद ६
## विविध

६.१ कार्यक्रमको दीगोपन तथा निरन्तरता सम्बन्धी
सम्पन्न भएको नमूना कृषिवन कार्यक्रमलाई निरन्तरता दिने काम सम्बन्धित कार्यक्रम सञ्चालकले नै गर्नुपर्ने छ ।

६.२ उत्पादित पैदावार सदुपयोग तथा बजार व्यवस्थापन
नमूना कृषि वन कार्यक्रम सञ्चालकहरुले कार्यक्रम सञ्चालनबाट उत्पादित वस्तुहरु प्रचलित कानुन बमोजिम बिक्रि वितरण गर्न सक्नेछन् ।उत्पादित वस्तुहरु बिक्रि वितरणका लागि आवश्यकतानुसार सरोकारवालाहरुसँग समन्वय गर्न सकिने छ ।

६.३ यस कार्यविधिको कार्यान्वयनमा केहि बाधा व्यवधान आईपरेमा, वादविवाद उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार मन्त्रालयमा निहित रहने छ।मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ।

६.४ कार्यक्रम कार्यान्वयन निकायहरुका स्वीकृत कार्यक्रममा रहेको नमूना कृषि वन कार्यक्रम बाहेकका अन्य कृषि वन कार्यक्रमहरु पनि नमूना कृषि वन कार्यक्रमको रुपमा सञ्चालन गर्न सकिनेछ ।

६.५ यस कार्यविधिमा आवश्यकता अनुसार मन्त्रालयले आवश्यक संशोधन वा परिमार्जन गर्न सक्नेछ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

<u>कार्यदल</u>

संयोजक, श्री सुमना देवकोटा, वन तथा वातावरण मन्त्रालय

सदस्य, श्री चन्द्रा जोशी, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय

सदस्य, श्री चेतना खनाल, वनस्पति विभाग

सदस्य, श्री विमला लामा, वन अनुसन्धान तथा सर्वेक्षण विभाग

सदस्य, श्री कर्ण वहादुर पाण्डे, राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

सदस्य, श्री अमर वहादुर चन्द, नेपाल वन पैदावार विकास समिति

सदस्य सचिव, श्री राजु गुरुङ्ग, वन तथा वातावरण मन्त्रालय

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
योजना, अनुगमन तथा समन्वय महाशाखा

सिंहदरबार काठमाडौं

पत्र संख्या – ०६६/०६६
चलानी नं – ६६२
प्राप्त पत्र संख्या र मिति –

मिति: २०७७/०३/१९

विषय:- कार्यदल गठन सम्बन्धमा ।

श्री सुमना देवकोटाज्यू,
उप-सचिव, वन तथा वातावरण मन्त्रालय।

प्रस्तुत विषयमा यस मन्त्रालय अन्तर्गत आगामी आ. व. २०७७/७८ मा नमूना कृषि वन कार्यक्रम कार्यान्वयनको लागि कार्यविधि तयार गर्नुपर्ने भएकोले कार्यविधि तयारीको लागि तपसिलमा उल्लेख भए अनुसारको कार्यविवरण (ToR) अनुसार कार्य गर्ने गरी तपाईंको संयोजकत्वमा कार्यदल गठन गरिएको व्यहोरा वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०७७/०३/१८ को निर्णयानुसार अनुरोध छ।

<u>तपसिल:</u>

<u>कार्यदलको गठन:</u>

| | |
|---|---|
| १. श्री सुमना देवकोटा, उप-सचिव, वन तथा वातावरण मन्त्रालय | संयोजक |
| २. अधिकृत प्रतिनिधि, कृषि तथा पशुपंक्षी विकास मन्त्रालय | सदस्य |
| ३. श्री चेतना खनाल, स.वै.अधिकृत, वनस्पति विभाग | सदस्य |
| ४. श्री विमला लामा, स.अ.अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | सदस्य |
| ५. अधिकृत प्रतिनिधि, श्री राष्ट्रपति चुरे त.म.सं.वि.समिति | सदस्य |
| ६. अधिकृत प्रतिनिधि, श्री नेपाल वन पैदावार आपूर्ति समिति | सदस्य |
| ७. श्री राजु गुरुङ, कार्यक्रम तथा योजना शाखा, वन तथा वातावरण मन्त्रालय | सदस्य-सचिव |

<u>कार्यविवरण (ToR):</u>

१. नमूना कृषि वन कार्यक्रमको विभिन्न मोडेलहरूको अध्ययन गर्ने।

२. आवश्यकतानुसार सरोकारवालाहरूसंग अन्तर्क्रिया गर्ने ।

३. नमूना कृषि वन कार्यक्रम कार्यान्वयन कार्यविधि तयार गरी सो कार्यविधि कार्यदल गठन भएको मितिले [illegible] दिनभित्र यस मन्त्रालयमा पेश गर्ने।

<u>बोधार्थ:</u>

श्री कृषि तथा पशुपंक्षी विकास मन्त्रालय, सिंहदरबार — एक जना प्रतिनिधि उपलब्ध गराईदिनुहुन।
श्री वनस्पति विभाग, थापाथली, काठमाडौं।
श्री वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, बबरमहल, काठमाडौं।
श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, खुमलटार – एक जना प्रतिनिधि उपलब्ध गराईदिनुहुन।
श्री नेपाल वन पैदावार आपूर्ति समिति, बबरमहल — एक जना प्रतिनिधि उपलब्ध गराईदिनुहुन।
श्री योजना, अनुगमन तथा समन्वय महाशाखा, वन तथा वातावरण मन्त्रालय।
श्री चेतना खनाल, स. वै. अधिकृत, वनस्पति विभाग।
श्री विमला लामा, स. अ. अधिकृत, वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र।
श्री राजु गुरुङ, कार्यक्रम तथा योजना शाखा, वन तथा वातावरण मन्त्रालय।

(नारायण प्रसाद कोइराला)
व. वैज्ञानिक अधिकृत

फोन नं.- [illegible] फ्याक्स नं.- [illegible]